जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

म.जि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४३ अंक ४४ २०८२ साल असार ८ गते आइतवार (22 June 2025 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा** : तिलाठी कोइलाडीले ल्यायो ... **पृष्ठ ३ मा** : मौद्रिक नीति र अर्थतन्त्रको ... **पृष्ठ ४ मा** : स्टिट फुडले पस्किरहेछ ... **पृष्ठ ५ मा** : विभिन्न विकासीय योजनाहरु तत्कालै ...

## पक्राउ परेका मण्डल थप आधा दर्जन अपराधमा संलग्न रहेको प्रहरीको खुलासा

**दैनिक समाचारदाता**
**राजविराज, ७ असार ।**

लागुऔषध गाजा भण्डारण र तस्करीको तीन बर्ष पुरानो घट्नामा संलग्न रहेको आरोपमा असार २ गते पक्राउ परेका सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ भारदह निवासी बुधन भन्ने जोगानन्द मण्डल माथि ज्यानमार्ने उद्योगदेखि हातहतियार खरखजाना सम्मका गरी थप ७ वटा मुद्दा रहेको प्रहरीले खुलासा गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले शनिबार ३५ बर्षीय मण्डल माथि गत आ.ब. २०६५/०६६ देखि २०८०/०८१ सम्ममा सप्तरी जिल्ला अदालतबाट चलेको विभिन्न अपराधका थप ७ वटा मुद्दाबारे विवरण सार्वजनिक गरेको हो ।



जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतका अनुसार मण्डल उपर २०६५/०६६ मा केही सार्वजनिक अपराध, २०६७/०६८ मा हातहतियार तथा औजार र २०६८/०६९ मा ज्यान मार्ने उद्योगमा क्रमशः इलाका प्रहरी कार्यालय कञ्चरपुर र जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता भई कानुनी प्रक्रियामा रहेको छ ।

यस्तै मण्डललाई २०७१/०७२ मा सप्तरी जिल्ला अदालतबाट लागुऔषध मुद्दामा दुई बर्ष कैद र १५ हजार जरिवाना २०७७/०७८ मा एक बर्ष ९ महिना कैद तथा २०८०/०८१ मा सोही मुद्दामा १० हजार जरिवाना र चारसय रुपैयाँ क्षतिपुर्ती भराउने अदालतले ठहर गरेको थियो ।

उनी माथि चलेको मुद्दा मध्ये केही सार्वजनिक अपराध, ज्यानमार्ने उद्योग, हातहतियार तथा औजार र हातहतियार खरखजाना लगायतका कसूरबारे अदालतमा न्याय सम्पादन कार्य प्रक्रियामै रहेको प्रहरीको भनाई छ ।

मण्डल सोमबार कोशी व्यारेज क्षेत्रबाट पक्राउ परेका थिए । प्रहरीका अनुसार २०७९ पुष १४ गते हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित सप्तकोशी नदी किनारमा बालुवामुनी गाडेको अवस्थामा प्रहरीले ८ सय १० किलो गाँजा बरामद गरेको थियो । अनुसन्धानका क्रममा उक्त गाँजा तस्करी प्रयोजनका लागि मंडलले नै लुकाई राखेको खुलेको प्रहरीको दावी छ । प्रहरीले सो प्रकरणको अनुसन्धानलाई तिब्र बनाएपछि मण्डल फरार भएका थिए ।

## मोटरसाइकल दुर्घटनामा तीनको मृत्यु

**सिरहा**/सिरहामा मोटरसाइकल र साइकल ठोक्किँदा शुक्रबार तीन जनाको मृत्यु भएको छ ।

शुक्रबार साँझ सिरहा नगरपालिका १८ लक्षमिनियास्थित हुलाकी सडक खण्डमा पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको प्रदेश २-०१००३प.३२३० नम्बरको मोटरसाइकल र पश्चिमबाट पूर्वतर्फ गइरहेको साइकल सन्हैठा नजिक एक आपसमा ठोकिएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा मृत्यु हुनेहरूमा मोटरसाइकल चालक सिरहाको कल्याणपुर १२ का २९ वर्षीय नरेश मुखिया, पछाडि सवार कल्याणपुर नगरपालिका २ चतरीका २८ वर्षीय प्रदीप मुखिया र साइकल यात्री सिरहा नगरपालिका २ का ६५ वर्षीय कुसे राय रहेको सिरहाका प्रहरी प्रवक्ता डिएसपी विरेन्द्रकुमार पासवानले जानकारी दिए ।

उनका अनुसार दुर्घटनामा तीनैजना गम्भीर घाइते भएका थिए । उपचारका लागि प्रादेशिक अस्पताल सिरहा लगिएकोमा तीनैजनालाई चिकित्सकले मृत घोषणा गरेका थिए । उक्त दुर्घटना बारे थप अनुसन्धान भइरहेको सिरहा प्रहरीले जनाएको छ ।

## धर्ना कार्यक्रमलाई निरन्तरता



**राजविराज**/राजबिराज नगरपालिकाका कर्मचारीहरुले विगत ६ दिनदेखी कुटपिट, गालीगलौज गर्नेमाथी कारवाही तथा काम गर्ने भयमुक्त वातावरणको माग गर्दै धर्ना कार्यक्रम गर्दै आएका छन् । जसकारण नगरपालिकाको कामकाज ठप्प भएको छ ।

यसैक्रममा राजविराज नगरपालिकाका कर्मचारीहरुको माग प्रति समर्थन जनाउने क्रम बढ्दै गएको छ । बुधबार गत स्थानीय तहको निर्वाचनमा नेपाली काँग्रेसको तर्फबाट राजविराज नगरपालिकाको मेयर पदका प्रत्याशी इरसाद अंसारी, लोसपाका तर्फबाट मेयर पदका प्रत्याशी तथा वर्तमान राष्ट्रिय मुक्ति पार्टीका

***बाँकी चार पृष्ठमा***

## विभिन्न योजना र विकास निर्माण कार्यमा आर्थिक अनियमितता भएको आरोप

**राजविराज**/सप्तरीको शम्भुनाथ नगरपालिकामा विभिन्न योजना र विकास निर्माण कार्यमा आर्थिक अनियमितता भएको भन्दै राजनीतिक दलले छानबिनको माग गरेको छ ।

त्यहाका ६ वटा राजनीतिक दलका प्रतिनिधि सम्मिलित टोलीले प्रमुख जिल्ला अधिकारीलाई एक ज्ञापनपत्र बुझाउँदै यस्तो माग गरेका हुन् ।

नेपाली काँग्रेस नगर अध्यक्ष सुरेन्द्र प्रसाद गुप्ता, एमालेका नगर अधयक्ष श्रीनारायण चौधरी, राष्ट्रिय प्रजातन्त्र पार्टीका नगर अध्यक्ष श्रीकृष्ण राउत, जसपा नेपालका नगर अध्यक्ष मेघानन्द यादव, जनमत पार्टीका नगर अध्यक्ष संजिव साह र लोसपाका नगर अध्यक्ष गौरीकुमारी चौधरीद्वारा हस्ताक्षरित ज्ञापनपत्र प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई बुझाइएको छास् ।

ज्ञापनपत्रमा कार्यवाहक नगरप्रमुख अनिता चौधरीले केही कर्मचारी तथा सल्लाहकार अनिलकुमार भगतको मिलिभगतमा विभिन्न विकासीय कार्य तथा योजना बाँडफाँडमा आर्थिक अनियमितता भएको दाबी गरिएको छ ।

आर्थिक अनियमितता र भ्रष्टाचारको ९ बुँदे मागसहित सोको सत्यतथ्य छानबिन हुनुपर्ने माग गरिएको छ । पालिकामा निर्माण भइरहेको १५ शैयाको अस्पताल भवनमा भ्रष्टाचार भएको, नगरपालिकामा जेसिभि र इन्धन व्यक्तिगत काममा प्रयोग गरिएको, नगरपालिकालाई आसेपासे र कार्यकर्ता भर्तीकेन्द्र बनाएको, सार्वजनिक पोखरी ठेक्कामा बिधि प्रक्रिया मिचिएको, सूचना लुकाउने काम भएको तथा विभिन्न योजनाको बेचबिखन र कमिशनको खेल भएको ज्ञापनपत्र मार्फत दाबी गरिएको छ ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी दाहालले सो बारे आवश्यक अनुसन्धान गर्ने प्रतिबद्धता जनाएको टोलीमा सहभागि नेपाली काँग्रेस नगर समितिका अध्यक्ष सुरेन्द्र प्रसाद गुप्ताले जानकारी दिए । आर्थिक अनियमितता गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नगरप्रमुख जितेन्द्र प्रसाद गुप्ता बिरुद्ध आरोप पत्र दायर गरेपछी विशेष अदालतले जरिवाना र कैद सजाय हुने ठहर गरेको थियो । जसकारण झण्डै तीन वर्षदेखी चौधरी कार्यवाहक नगरप्रमुखको जिम्मेवारी सम्हाल्दै आएकी छिन् ।

**विपद्‌को पूर्वतयारी गरौं**

- सम्भावित जोखिमको मूल्यांकन गरौं,
- भूकम्प, बाढी, आगोलागी जस्ता सम्भावित विपद्‌को बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं,
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

"विपद्‌को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### फरार प्रतिवादी पक्राउ अभियान न्याय प्रणालीप्रति जनविश्वास जगाउने पहल

सप्तरी जिल्लामा हाल तिब्र रूपमा सञ्चालनमा आएको फरार प्रतिवादी पक्राउ अभियान एक सकारात्मक र न्याय प्रणालीप्रति जनविश्वास जगाउने पहलको रूपमा हेरिदै छ। न्यायबाट उम्कन खोज्ने दोषीहरूलाई कानुनी प्रक्रियामा ल्याउनु कानूनको सर्वोच्चता र विधिको शासनको सुनिश्चितता हो। यो अभियानले कानूनको डर कायम राख्नुका साथै पीडित पक्षलाई न्यायको आशा दिने काम समेत गरिरहेको छ। नेपालमा विशेष गरी ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा अदालतले फैसला गरिसकेका मुद्दाका प्रतिवादीहरू वर्षौंसम्म पनि पक्राउ नपरी खुला रूपमा हिँड्ने प्रचलनले न्याय प्रणालीप्रति नागरिकको विश्वास कमजोर बनाउने खतरा रहँदै आएको छ।

यस्तो अवस्थाले अपराध प्रवृत्तिलाई बढावा दिन्छ, साथै विधिको शासनमाथि प्रश्न उठाउँछ। यसै सन्दर्भमा सप्तरीमा गरिएको यो अभियान एक उदाहरणीय कार्य हो, जसबाट अन्य जिल्लाहरूले समेत सिक्नुपर्ने देखिन्छ। यद्यपि, अभियानमा पारदर्शिता, निष्पक्षता र मानव अधिकारको संरक्षण आवश्यक छ। कुनैपनि पक्राउ प्रक्रिया कानुनी मापदण्डभित्र रहनु पर्छ र सुरक्षाकर्मीहरूले सशक्त प्रमाणका आधारमा मात्र कार्य गर्नु पर्छ। निर्दोष व्यक्तिहरू फसिने अवस्था सिर्जना नहोस् भन्ने विशेष सतर्कता अपनाउन जरुरी छ।

यस्तो अभियानलाई स्थायी रूप दिन आवश्यक छ। एकपटकको सक्रियता मात्र पर्याप्त हुँदैन। जिल्ला अदालत, प्रहरी प्रशासन, र स्थानीय तहबीच समन्वय गरी नियमित रूपमा यस किसिमका अभियानहरू सञ्चालन गरिनुपर्छ। तसर्थ यो प्रयास न्यायको पहुँच सबैसम्म पुऱ्याउने, कानूनको शासन बलियो बनाउने, र सुसंस्कृत समाज निर्माणतर्फको कदम हो।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# तिलाठी कोइलाडीले ल्यायो करिब ४४ करोड रुपैयाँ बराबरको बजेट



**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले करिब ४४ करोड रुपैयाँ बराबरको बजेट ल्याएको छ।

शुक्रबार आयोजित आगामी आर्थिक बर्ष २०८२/०८३ को बजेट, नीति तथा कार्यक्रम प्रस्तुती तथा १२औं गाउँ सभामा ४३ करोड ८४ लाख १९ हजार रुपैयाँको बजेट लयाएको हो।

कुल बजेटको चालुतर्फ ३२ करोड ८८ लाख १५ हजार र पूँजिगत तर्फ १० करोड ९६ लाख ४ हजार रुपैयाँ रहेको छ। यस्तै सो बजेटमा संघबाट प्राप्त हुने वित्तिय समानिकरणतर्फ १० करोड ६७ लाख र सशर्त अनुदानतर्फ १९ करोड १० लाख, संघीय राजस्व बाँडफाँडबाट ८ करोड ९० लाख ७९ हजार ३६८ रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ।

प्रदेश सरकारबाट राजश्व बाँडफाँडतर्फ ४५ लाख प्राप्त हुने अनुमान गरिएको छ भने वित्तीय समानिकरणतर्फ ८० लाख, सशर्त अनुदानतर्फ ८० लाख, विशेष अनुदान ३० लाख र समपुरक अनुदानतर्फ २० लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार कर्णले जानकारी दिए। कुल आन्तरिक आम्दानी २ करोड ६१ लाख ४० हजार रुपैयाँ अनुमान गरिएको छ।

यस्तै लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (जेसी अडिट) को सुरुवात, बालमैत्री तथा बाल श्रममुक्त पालिका घोषणाका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने नीति लिइएको छ। ब्यवसायिक रुपमा पशुपालन ब्यवसाय गर्ने कृषकलाई सहकारी संस्थामार्फत ५० प्रतिशत निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइने, कृषिलाई ब्यवसायिक तथा उत्पादनमुखी बनाउन गहुँ, धान र प्लाष्टिकको स्प्रेयर ५० प्रतिशत अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइने तथा कृषि विद्युतीकरणको लागि आवश्यक बजेट विनियोजन गरि कृषि विद्युतीकरणमा जोड दिइने नीति लिइएको छ।

उच्च शिक्षा अध्ययन गर्न चाहने दलित, गरिब तथा जेहेन्दार बालबालिकाका लागि आवश्यक छात्रवृत्तिको ब्यवस्था गरिने, सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि आवश्यक तालिम संचालन गरिने नीति लिइएको छ।

पत्रकारिता जगतको संस्थागत विकासका साथै क्षमता विकासको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने, मैथिली साहित्य, भाषा, सँस्कृति क्षेत्रको संस्थागत तथा समुचित विकासको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने, पालिका भित्र रहेको सार्बजनिक संरचनाहरु (जस्तै पालिका भवन, स्वास्थ्य चौकी, बिद्यालय भवन, अन्य) लाई अपांगतामैत्री बनाइने, विपदको जोखिमबाट प्रभावित बर्गको रुपमा रहेको अपांगता भएका व्यक्तिहरुको लागि विपद पूर्वतयारी तथा प्रतिकार्यको लागि बिभिन्न कार्यक्रमहरु संचालनमा ल्याइने नीति लिइएको छ। ।

बाढीबाट अत्यधिक प्रभावित वडाहरुमा पूर्वानुमानमा आधारित विपद जोखिम न्युनीकरण कार्यक्रम संचालन गरिने, बढ्दो गर्मीलाई ध्यानमा राखी विभिन्न विकास साझेदारहरुसग मिलेर आवश्यक कार्यक्रमहरु संचालन गरिने, कक्षा ८ सम्म सामुदायिक तथा संस्थागत विद्यालयमा स्थानीय पाठ्यक्रमको रुपमा विपद् जोखिम न्युनीकरण शिक्षालाई लागू गर्न आवश्यक ब्यवस्था मिलाइने, जलवायु परिवर्तन तथा विपद् जोखिम न्युनीकरणका लागि युवा परिचालन अभियान संचालन गरिने तथा विशेष समावेशी तथा जलवायुमैत्री कार्यक्रमहरु संचालन गरिने नीति लिइएको गाउँपालिकाका विपद् ब्यवस्थापन अधिकृत राजेश कुमार झाले जानकारी दिए।

सो अवसरमा तिलाठी कोईलाडी गाउँपालिकाका योजना शाखा प्रमुख राजुकुमार झा, कृषि शाखा प्रमुख उदयकान्त झा, अशोककुमार मण्डल, पशु शाखा प्रमुख बद्रीनारायण मण्डल, सिअहेब अधिकृत मनोज कुमार देव र संजय कुमार ठाकुर, अनमी प्रकृति यादव, प्रधानाध्यापकद्वय प्रवीण कुमार कर्ण र केदार पण्डित, आलेप विध्या कार्की, फिल्ड सहायक रतनकुमार मिश्र, कार्यालय सहयोगीहरु जुगनु कुमार मण्डल, राजाराम मण्डल र पवन गिरीलाई कदर पत्र र गम्छाले सम्मान गरियो।

तिलाठी कोईलाडी गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलको अध्यक्षतामा आयोजित १२औं गाउँ सभामा जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह, वडा अध्यक्षहरुले शुभकामना मन्तब्य ब्यक्त गरेका थिए।

# फरार एक प्रतिवादी पक्राउ

**राजविराज**/अदालतबाट कैद सजाय तोकी फरार रहेका एक अभियुक्तलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय मातहतका इलाका प्रहरी कार्यालय हनुमाननगरबाट खटेको प्रहरी टोलीले बिहीबार सप्तरी जिल्ला अदालतबाट प्रतिबन्धित लागुऔषध गाजा मुद्दा फैसला भई कैद सजाय तोकिएका जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका १३ का ५५ वर्षिय जयनारायण भन्ने भोला यादवलाई पक्राउ गरेको हो।

पक्राउ परेका यादवलाई सो मुद्दामा सप्तरी जिल्ला अदालतले १० महिना चार दिन कैद सजाय हुने ठहर गरेको थियो।

गाउँघरमा लुकिछिपी बसेको अवस्थामा पक्राउ परेका उनलाई बिहीबार नै सप्तरी जिल्ला अदालतमा उपस्थित गराउँदा आदेशानुसार कैद सजाय भुक्तानका लागि राजविराज कारागार चलान गरिएको प्रहरीले जनाएको छ।

सडकको संरक्षण गरौं।

सडक सबैको साझा सम्पत्ति हो, त्यसको संरक्षण र संवर्द्धन गर्नु सबैको दायित्व हो, त्यसैले,

- सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं,
- निर्माण सामग्री सडकमा नथुपारौं,
- सडकमा सवारी साधन धुने नगरौं,
- सडकका नालीमा अवरोध नगरौं,
- सवारी आवागनमा बाधा नपुऱ्याऔं।

सडक डिभिजन कार्यालय, लहान, सिरहा

# मौद्रिक नीति र अर्थतन्त्रको निष्क्रिय रक्तसञ्चार

नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्ष २०८२।०८३ का लागि मौद्रिक नीति निर्माणको प्रक्रिया आरम्भ गरिसकेको छ । प्रारम्भिक बहसहरू शुरु भइसकेका छन् तर मूल प्रश्न भने यथावत् छ- के नेपालले स्वतन्त्र, वैज्ञानिक र देशको आर्थिक यथार्थमा आधारित मौद्रिक नीति ल्याउन सक्ला ?

नेपालजस्तो आयातमुखी र विकासोन्मुख अर्थतन्त्रमा मौद्रिक नीति कुनै अमूर्त दस्तावेज होइन । यो वित्तीय स्थायित्व, मुद्रास्फीति नियन्त्रण, ब्याजदर व्यवस्थापन, रोजगारी सिर्जना र समग्र लगानी वातावरणलाई प्रभाव पार्ने नीतिगत औजार हो । तर हालसम्मको अभ्यासले मौद्रिक नीतिको प्रभावकारितामाथि गम्भीर प्रश्न उठाएको छ ।

विनिमय दर भारतीय रुपियाँसँग स्थिर (पेग) भएको अवस्थामा नेपालले स्वतन्त्र मौद्रिक नीति सञ्चालन गर्न सक्दैन । यो संरचना परिवर्तन नगरेसम्म मौद्रिक नीतिको कक्षा सीमित नै रहनेछ । आर्थिक संरचना पनि असन्तुलित छ, आयात अत्यधिक, निर्यात कमजोर र विदेशी मुद्राको प्रमुख स्रोत रेमिट्यान्समाथि निर्भरता रहेको अवस्थामा मौद्रिक नीति बनाउने स्पेस साँघुरो देखिन्छ ।

अहिलेको विश्व अर्थतन्त्र नै अनिश्चितता र सुस्तताले ग्रसित छ । सन् २०२५ को आरम्भमै विश्व बैंकले विश्व आर्थिक वृद्धिको दर २.३ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरेको छ, जुन पछिल्लो दशकको सबैभन्दा न्यून हो । अमेरिका, युरोप, चीन, भारतजस्ता राष्ट्रहरू आन्तरिक उपभोगलाई बलियो बनाउँदै मौद्रिक नीतिमा लचिलोपन देखाइरहेका छन् । नेपालमा भने मौद्रिक नीति अझै संरचनात्मक अस्पष्टता, कार्यान्वयनको शिथिलता र नियामक कमजोरीको बन्दीजस्तो देखिन्छ ।

नेपालका वाणिज्य बैंकहरूसँग अहिले पनि करिब ६ खर्ब ५० अर्ब रुपियाँ बराबरको तरलता उपलब्ध छ तर कर्जाको माग खासै देखिँदैन । सन् २०२४ को अन्त्यतिर बैंकहरूले घोषणा गरेका नयाँ योजनाहरूमा लगानीकर्ताको रुचि झीनो रह्यो । ब्याजदर केही कम हुँदा पनि व्यवसायीहरू उत्साहित देखिएनन् । राजनीतिक अस्थिरता, नीतिगत अनिश्चितता, कर प्रणालीमा जटिलता र बजारको विश्वास संकट यसका मूल कारण हुन् ।

नेपाल राष्ट्र बैंकले चालू पुँजी कर्जा व्यवस्थामा सुधार ल्याउने संकेत दिएको छ तर बैंकहरू अझै कर्जामा कठोर सर्तहरू राखिरहेका छन् । व्यवसायीहरूले चालू पुँजीका लागि अनावश्यक दस्तावेज, धितो र जटिल प्रक्रिया भोग्नुपर्ने अवस्था छ । जसले गर्दा वित्तीय पहुँचमा सीमितता देखिन्छ । यस्तो अवस्थामा मौद्रिक नीतिले स्पष्ट, सरल र व्यावसायिक अनुकूल वातावरण सिर्जना गर्ने खालको प्रावधान ल्याउनै पर्छ ।

डिजिटल बैंकिङको क्षेत्रमा भने केही सम्भावना देखिएका छन् । राष्ट्र बैंकले डिजिटल बैंकको लाइसेन्स दिने तयारी गर्दै छ । सन् २०२५ को अन्त्यसम्म तीनवटा डिजिटल



रमेशकुमार बोहोरा

बैंकको प्रारम्भिक अनुमति दिने संकेत देखिएको छ । तर त्यसका लागि कानुनी संरचना, साइबर सुरक्षा, ग्रामीण पहुँच र वित्तीय साक्षरता अभिवृद्धि अनिवार्य सर्त हुन् । नगदरहित कारोबार प्रवर्द्धनका लागि स्मार्ट पे नेपाल, क्यूआर प्रणाली, मोबाइल वालेट आदिको प्रयोगमा केही वृद्धि देखिए तापनि तिनीहरूको प्रभाव ग्रामीण र असङ्गठित क्षेत्रमा अझै कमजोर छ ।

नयाँ गभर्नर डा. विश्वनाथ पौडेलले पदभार सम्हालेपछि मौद्रिक नीतिप्रति आशा जागेको छ तर यथार्थ कठोर छ, राष्ट्र बैंकअगाडि पाँचवटा प्रमुख चुनौती छन् । पहिलो, नेपाललाई एफएटीएफको ग्रे लिस्टमा जान नदिन प्रणालीगत सुधार गर्नु । दोस्रो, निष्क्रिय पुँजीलाई उत्पादनमा रूपान्तरण गर्ने खालको नीति ल्याउनु । तेस्रो, बैंकिङ प्रणालीमा ब्याजदर स्थायित्व ल्याउने यथार्थपरक उपाय अवलम्बन गर्नु । चौथो, अर्थ मन्त्रालयसँग समन्वय गरी नीति स्पष्टता कायम गर्नु । र पाँचौं, निजी क्षेत्र र आम नागरिकको विश्वास पुनःस्थापना गर्नु ।

कर विगत केही वर्षयता सरकारको पुँजीगत खर्च २० प्रतिशतभन्दा तल झरेको छ । बजेटको ठूलो हिस्सा तलब, भत्ता र प्रशासनिक खर्चमा खर्चिने प्रवृत्तिले विकास बजेट सङ्कुचित भएको छ । निर्माण व्यवसायीलाई भुक्तानी नदिने सरकारी ढिलासुस्तीले निजी क्षेत्र खस्केको छ, जसको प्रत्यक्ष असर कर्जा प्रवाह र आर्थिक गतिशीलतामा परेको छ ।

सहकारी क्षेत्रमा देखिएको अनियमितता पनि समग्र वित्तीय प्रणालीमा खतरा बनेको छ । बीउ पुँजीका रूपमा परिचालित हुनुपर्ने निक्षेप रकम सहकारी सञ्चालकहरूद्वारा दुरुपयोग भएको, निक्षेपकर्तालाई फसाइएको र नियमनकारी संयन्त्र कमजोर रहेको यथार्थले वित्तीय प्रणालीमै विश्वासको संकट निम्त्याएको छ ।

बिमा, शेयर बजार, रियलस्टेटजस्ता क्षेत्रहरूमा देखिएको निरन्तर मन्दीले औपचारिकसँगै अनौपचारिक बजारमा समेत नकारात्मक संकेत पुऱ्याएको छ । लगानीकर्तामा अब पैसाको अभाव होइन, विश्वासको अभाव देखिन्छ । यो मौद्रिक मात्र नभई समग्र आर्थिक योजनाको त्रुटिपूर्ण स्वरूपको परिणाम हो ।

आजको आवश्यकता ब्याजदर र कर्जामा सीमित मौद्रिक नीति होइन । उत्पादन, रोजगारी, निर्यात प्रवर्द्धन र वित्तीय समावेशितालाई केन्द्रमा राख्ने समन्वयात्मक, पारदर्शी र समावेशी मौद्रिक नीति हो । बैंकिङ प्रणालीको नियमन पारदर्शी बनाउनु राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नु र निगरानी संयन्त्रलाई सक्रिय बनाउनु अब अपरिहार्य भएको छ ।

डिजिटल बैंकिङको सम्भावनासँगै जोखिम पनि छन् । साइबर सुरक्षाको जोखिम, ग्रामीण क्षेत्रमा प्रविधिको पहुँच, जनताको वित्तीय बुझाइ र प्रयोग व्यवहारलाई नहेरी लिइने नीति अल्पकालीन आकर्षण त बन्न सक्छ तर दीर्घकालीन समस्या निम्त्याउन सक्छ । डिजिटल रुपान्तरणका लागि पूर्वाधार, शिक्षा र व्यवहारको तयारी सुनिश्चित हुनु अनिवार्य छ ।

अन्ततः मौद्रिक नीति अब कुनै बन्द कोठाको प्राविधिक दस्तावेज बन्नुहुँदैन । अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, निजी क्षेत्र, कर प्रशासन र आम नागरिकको सरोकार समेट्ने समन्वयात्मक दृष्टिकोण अपरिहार्य छ । मुद्रास्फीति नियन्त्रण, उत्पादन वृद्धिमा प्रेरणा, कर्जा पहुँचमा सुधार, बैंकिङ प्रणालीमा विश्वास र वित्तीय अनुशासनका पक्षमा स्पष्ट दिशा नदिएसम्म मौद्रिक नीति केवल 'संकेतपत्र' मात्र हुनेछ ।

राष्ट्र बैंकले अब आफूलाई केवल नियामकको भूमिकामा सीमित राख्नुहुँदैन । नवगठित नेतृत्वले यसपटकको मौद्रिक नीतिलाई केवल बैंकहरूका लागि निर्देशात्मक मापदण्ड बनाउने नभई अर्थतन्त्र पुनर्जीवन गर्ने योजनात्मक दस्तावेज बनाउने हिम्मत देखाउनुपर्छ । नत्र मौद्रिक नीतिको आलोचना फेरि पनि यथावत् रहनेछ । (लेखक बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ, काठमाडौं शाखाका सचिव हुनुहुन्छ ।)

## मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

**राजविराज**/सप्तरीको रुपनी गाउँपालिका १ निवासी २४ वर्षीय मो. आजाद मियाँको मंगलबार राती दुर्घटनामा परि मृत्यु भएको छ ।

गत आइतबार मात्रै विवाह भएको मो. आजाद चढेको मोटरसाइकललाई मंगलबार राती ट्याक्टरले ठक्कर दिँदा उनको मृत्यु भएको हो ।

राती ९:३० बजेतिर प्र.२-०१-००१प.३१३५ नम्बरको मोटरसाइकल चढेर काम विशेषले शम्भुनाथ बजारतर्फ जाँदै गर्दा विपरीत दिशाबाट तिव्र गतिमा आउँदै गरेको स.१प.४९७२ नम्बरको ट्याक्टरले शम्भुनाथ चौक नजिकै ठक्कर दिँदा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार ट्याक्टरको ठक्करबाट गम्भिर घाइते भएका उनको स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ । सो दुर्घटनामा उनीसँगै सवार सोही वडाका १८ वर्षिय मो. समिर मियाँ गम्भिर घाइते भएका छन् । उनको धरानस्थित विपि कोइराला स्वासथ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको छ ।

ठक्कर दिने ट्याक्टर र चालक शम्भुनाथ नगरपालिका १ बस्ने २७ वर्षिय कैलाश यादवलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## मधेशको ४६ अर्ब ५८ करोड ३३ लाखको बजेट

**जनकपुर**/मधेस प्रदेश सरकारले आगामी आ.ब. २०८२/८३ का लागि ४६ अर्ब ५८ करोड ३३ लाखको बजेट सार्वजनिक गरेको छ ।

प्रदेश सरकारका अर्थमन्त्री सुनिल कुमार यादवले गत आइतबार प्रदेशसभाको बैठकमा चालुतर्फ १६ अर्ब ७२ करोड ५ लाख रुपैयाँ, पुँजीगततर्फ ३० अर्ब २६ करोड २८ लाख रुपैयाँको बजेट सार्वजनिक गरेका हुन् ।

स्रोततर्फ आन्तरिक आन्तरिक राजश्वतर्फ ९ अर्ब ५० करोड ८३ लाख, वित्तीय समानीकरणतर्फ ७ अर्ब ७२ करोड १९ लाख, सशर्त अनुदानतर्फ ४ अर्ब २६ करोड १८ लाख, विशेष अनुदानतर्फ ३९ करोड ४५ लाख तथा समपूरक अनुदानतर्फ ३५ करोड ८२ लाख रुपैयाँ रहेको छ ।

यसपटक मधेशले राजश्व बाँडफाँटबाट १ अर्ब ३५ करोड, अघिल्लो वर्षको नगद मौज्दातबाट १० अर्ब ३८ करोड र आन्तरिक ऋणबाट २ अर्ब रुपैयाँ जुटाउने लक्ष्य लिएको छ ।


## जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय सप्तरीको सूचना

उदेश्य :

- जिल्लामा बिद्यमान जलश्रोतको विकास गरि सिंचाइ योग्य जमिनमा बर्षेभरी सिंचाई सेवा बिस्तार गर्ने, गराउने,
- कृषकको सहभागितामुलक अवधारणा अनुरुप उपभोक्ताहरुको संस्थागत विकास गरि सिंचाइ प्रणालीको दिगो व्यवस्थापन गर्ने गराउने,
- सिंचाइ विकाससाग सम्बन्धित प्राविधिक जनशत्ति, उपभोक्ता र गैर सरकारी संघ संस्थाको ज्ञान सिप र संस्थागत कार्य क्षमतामा वृद्धि गर्ने गराउने,
- जिल्लामा किसानद्वारा संचालनमा रहेका साना तथा मझौला सिंचाई प्रणालिहरुको मर्मत सम्भार गरि नहरको दिगो ब्यबस्थापनमा किसानहरुलाई सहयोग गर्ने,
- जिल्लाका साना तथा मझौला नदीहरुमा जल उत्पन्न प्रकोपबाट हुने कटान डुबानको व्यबस्थापन तथा नियन्त्रण गरि जल उत्पन्न प्रकोपबाट हुने जनधन तथा कृषि योग्य जमिनको क्षतिलाई न्युनिकरण गर्ने,
- साना तथा मझौला नहरहरूको निर्माण तथा मर्मत सम्भार गर्ने गराउने, सिचाईको माध्यमबाट जिल्लाको समग्र कृषिको बिकासमा योगदान पुऱ्याउने ।

जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय
सप्तरी, राजविराज

# स्ट्रिट फुडले पस्किरहेछ सांस्कृतिक पहिचान तर कसरी बनाउने स्वस्थ खानपान ?

आजभोली सडक खाना अर्थात स्ट्रिट फुड नेपालको शहरी जीवनशैलीको एक महत्वपूर्ण हिस्सा बनेको छ। काठमाडौं, पोखरा, धरानदेखि वीरगञ्ज, चितवनदेखी नेपालगञ्जसम्मका सडकहरूमा सजिलैसँग देखिने "मोःमो", "चट्पटे", "सेल रोटी", "पानी पुरी", "चाट", "भक्का", "पकौडा" "समोसा" "चाउमिन" "घमन्जा" जस्ता विविध स्वादका परिकारहरूले नेपाली समाजको विविधता र स्वादप्रतिको मोहलाई प्रतिबिम्बित गर्छन् । यस्ता प्रकारका सडक खानाले सांस्कृतिक समृद्धि र आर्थिक अवसर प्रदान गर्ने भए तापनि यसले जनस्वास्थ्य, खाद्य स्वच्छता, लगायतका विषयमा नीतिगत चुनौतीहरू पनि सिर्जना गरेको पाइन्छ ।

**सस्तो, छिटो र मिठो**

नेपालमा सडक खाना व्यवसाय अनौपचारिक क्षेत्र अन्तर्गत पर्दछ, जसले हजारौं निम्न-आय भएका परिवारहरूलाई रोजगारीको अवसर प्रदान गरेको छ । खासगरी शहरी क्षेत्रमा बसाइँ सरेका, औपचारिक रोजगार नपाएका, महिलाहरू र सीप भएका तर पूँजी नभएका व्यक्तिहरूका लागि यो आय आर्जनको एउटा सजिलो माध्यमको रुपमा रहेको छ । यस्ता खानेकुराहरू सस्तो, छिटो र सहज उपलब्ध हुने भएकाले महोत्सव, साँझको समय तथा मेलाहरुमा विद्यार्थी, मजदुर, दैनिक ज्यालादारीमा काम गर्ने मजदुर तथा आन्तरिक तथा बाह्य पर्यटकहरू यसप्रति बढी आकर्षित हुने गरेको पाईन्छ । नेपालको सन्दर्भमा कुरा गर्ने हो भने खाद्य सुरक्षाको चुनौती रहि रहेको अवस्थामा सडक खाना त्यस्तो समुहका लागी सस्तो मूल्यमा पेट भरी खान सकिने उत्तम विकल्पको रुपमा समेत रहेको छ ।

**सांस्कृतिक झल्को**

सडक खानाले नेपाली पहिचानको प्रतिनिधित्व पनि गर्ने गर्दछ । नेपालका विभिन्न क्षेत्रीय परिकारहरू जस्तै नेवारी खाजा र यमरी, थकाली खाना, तेराईको समोसा र चाट, थारु समुदायको ढिक्री जस्ता खानेकुरा सडकमा सजिलै पाइन्छन् । यो विविधता केवल स्वादका लागि मात्र नभइ नेपाली समाजमा विद्यमान जातीय र सांस्कृतिक सम्पदा झल्काउने उदाहरण पनि हो ।

**कत्तिको स्वस्थकर ?**

स्वादिलो र सस्तो हुने भएकाले सडक खाना अत्यन्तै लोकप्रिय छ, तर जनस्वास्थ्यका दृष्टिकोणले यो त्यति सुरक्षित मानिदैन । अस्वस्थकर तरिकाले खाना पकाउने प्रक्रिया जस्तै एउटै तेल पटक पटक प्रयोग हुनु, अखाद्य रसायनहरुको अधिक प्रयोग, अत्यधिक नुन, मसला र एसिडको प्रयोग, दूषित पानीको प्रयोग, खुला ठाउँमा राखिएका खाना, फोहोरको व्यवस्थापनमा न्यून ध्यान हुनु र खानेकुराको उचित भण्डारण नगर्नु जस्ता कारणले गर्दा सडक खानाका कारणले गर्दा उपभोक्ताहरू विभिन्न रोगहरूको जोखिममा पर्ने सम्भावना अत्यन्तै धेरै हुने गरेको छ जस्तै झाडापखाला, टाइफाइड, हैजा, हेपाटाइटिस, पेट सम्बन्धी संक्रमणहरू र फुड पोइजनिङका केसहरूमा सडक खाना नै प्रमुख कारकको रूपमा पाइने गरेको छ ।

**नीतिगत एवं व्यवस्थापन पक्ष**

नेपालमा सडक खाद्य व्यवसायलाई नीतिगत रूपमै सम्बोधन गर्ने बिशेष कानुनी संरचना अझै विकसित भएको छैन । अधिकांश सडक व्यापारीहरू अनधिकृत रूपमा व्यवसाय सञ्चालन गरिरहेका हुन्छन्, जसले गर्दा उनीहरू नगरपालिकाको कर प्रणालीमा समेत समावेश हुन भएका हुँदैनन् ।

शहरी योजना निर्माण गर्दा सडक खानाको व्यवस्थापनलाई पनि नीति निर्माणकै तहबाट समावेश गर्नु आजको आवश्यकता हो । सडक व्यापारीहरुलाइ आवश्यक स्वच्छता तालिम दिएर, स्वास्थ्य मापदण्डको पालना, स्थानीय तहमार्फत दर्ता गराई लाइसेन्स प्रणाली लागु गरेर, खाद्य अनुगमन स्वास्थ्यकर र सन्तुलित खानेकुराहरू प्रोत्साहित गर्नु सडक व्यापारलाई व्यवस्थित गरी 'फुड जोन' को अवधारणा विकास गर्नु र सुरक्षित फोहोर व्यवस्थापनजस्ता उपायहरू अपनाएमा सडक खानालाइ व्यवस्थित एवम स्वस्थ बनाउन सकिन्छ ।

**अबको बाटो.....**

सडक खाद्य नेपालमा केवल खाना खाने प्रक्रिया मात्र नभई, जीविकोपार्जन, सांस्कृतिक पहिचान, र सामाजिक प्रक्रियाको एक महत्वपूर्ण अंश हो । यद्यपि यससँग जोडिएका स्वास्थ्य जोखिम र व्यवस्थापनको चुनौतीलाई नसम्झिएसम्म यो क्षेत्र दीगो र सुरक्षित रूपमा अगाडि बढ्न सक्दैन । नीति निर्माताहरू, स्थानीय तह, स्वास्थ्यकर्मी र उपभोक्ताहरू सबै मिलेर सडक खाद्यलाई सुरक्षित, पौष्टिक र व्यवस्थित बनाउने प्रयास गर्नु आजको आवश्यकता हो । (जनस्वास्थ्यकर्मी रिमाल हाल नेपालगञ्ज उप महानगरपालिका स्वास्थ्य महाशाखामा कार्यरत छन्) स्वास्थ्य खबरबाट

# निर्माण कम्पनीको ढिलासुस्तीका कारण सास्ती भोग्नुपरेकोले स्थानीय आक्रोसित

**राजविराज**/निर्माणको काममा संलग्न निर्माण कम्पनीको ढिलासुस्तीका कारण सास्ती भोग्नु परिरहेको भन्दै स्थानीय आक्रोशित भएका छन ।

सप्तरीको भारदह-बथनाहा-मिलन चौक, डाढा-पकरी सडकखण्ड तथा राजविराज-कंचनपुर हुलाकी सडक अन्तर्गत अग्नीसाइर कृष्णासवरण गाउँपालिका ४ बनौलीस्थित खोलामा पुल निर्माण गर्न ढिलासुस्ती गरिरहेको भन्दै उनीहरु आक्रोसित भएका हुन् ।

त्यस भेगका जनताले बुधबार प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई भेटेर एक ज्ञापन पत्र बुझाउँदै उक्त समस्या तत्काल समाधान नगरिए आन्दोलन चर्काउने चेतावनी समेत दिएका छन ।

समाजसेवी एवं राजनीतिज्ञ विकास कुमार तिवारी, तिलेश्वर मण्डल, मनोज कुमार यादव, राम देव यादव, राजकिशोर साह, सूर्यनारायण साह लगायतको अगुवाईमा पुगेको टोलीले प्रमुख जिल्ला अधिकारी दाहाललाई बुझाएको ज्ञापन पत्रमा उक्त सडक र पुल निर्माणको ठेक्का लिएका एम.एस शाह र दिवा जेभी सातदोवाटोका निर्माण कम्पनीले विगत चार वर्षदेखी निर्माण कार्य अलपत्र अवस्थामा छोडिदिदा लाखौं जनताको जनजीवन प्रभावित र कष्टकर बन्न पुगेको उल्लेख छ ।

बि.स. २०७९ असार १९ गते भएको सम्झौता अनुसार २०८१ असार १८ गते भित्र उक्त सडक र पूलको निर्माण कार्य सम्पन्न गरिसक्नु पर्नेमा म्याद भन्दा एक वर्ष बढी हुन लाग्दा पनी निर्माण कम्पनीको लापरवाहीले दुबै संरचना अधुरो र अलपत्र अवस्थामा रहेको भन्दै त्यस भेगका जनता दुर्घट्नाको जोखिमसंगै विभिन्न खाले समस्या भोग्न बाध्य भएको जनाइएको छ ।

उक्त सडक र पुल निर्माण भएपछि त्यस भेगका डिमन, डाढा, त्रिकौल, पिपराही, गोइठी, बलिया, बथनाहा, बनौली, पकरी, चिम्टी, महुली, जण्डौल, लोहजरा लगायतका गाउँका वासिन्दाका साथै फत्तेपुर र राजविराजका जनता समेत लाभान्वित हुने भएपनि ठेकेदारको लापरवाहीले सबैले पीडा भोग्नु परिरहेको ज्ञापनमा उल्लेख छ । त्यस भेगका जनताको एक मात्रै विकल्पका रुपमा रहेको सो सडक र पुल वर्षोदेखी निर्माणाधीन अवस्थामा रहदा वर्षायाममा यस भेगका विरामीलाई अस्पताल पुऱ्याउन, विद्यार्थीलाई टाढाको विद्यालय पुऱ्याउन तथा अन्य आवश्यक कामकाजले सदरमुकाम राजविराज पुग्न निकै सास्ती भोग्नु पर्ने बाध्यता छ ।

ज्ञापन पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी दाहालले उक्त सडक र पुल निर्माण कार्यको जिम्मा पाएका कम्पनीका प्रतिनिधी झिकाई समस्या समाधानका लागी पहल गर्ने प्रतिबद्धता जनाएको टोलीका अगुवाहरुले जनाएका छन ।

# मानव कल्याणका क्षेत्रमा गरिने कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लैजाने : मुख्यमन्त्री सिंह

**वीरगञ्ज**/मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले प्रदेश सरकारले मानव कल्याणका क्षेत्रमा गरिने कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरेका छन् ।

शनिबार यहाँस्थित मानवसेवा आश्रमको अवलोकन गर्दै मुख्यमन्त्री सिंहले मानवसेवा जस्तो पवित्रसेवा गर्ने सङ्घसंस्थासँग समन्वय र सहकार्य गरेर अघि बढ्ने बताए ।

"मानव सेवा आश्रमले असहाय, अशक्त र बेवारिसे नागरिकको सेवामार्फत समाजमा मानवीयता र समर्पणको अनुपम उदाहरणीय कार्य गरेको छ", उनले भने, "यस्ता मानवतावादी काम गर्ने निकायसँग सहकार्य गरेर अघि बढ्नेछौं ।"

मानवसेवा आश्रमले सडकमा बेवारिसे, मानसिक असन्तुलनयुक्त र विपन्न अवस्थाका व्यक्तिलाई उद्धार गरी आश्रय, उपचार तथा पुनःस्थापनाको व्यवस्था गर्दै आएको छ । मुख्यमन्त्रीको भ्रमणले संस्थाको सेवा तथा कार्यप्रति प्रदेश सरकारको ध्यानाकर्षण भएको आश्रम परिवारले जनाएको छ ।

# दुई हजार ७ सय ९४ जनाबाट मिटर ब्याज सम्बन्धी उजुरी

**राजविराज**/मिटर ब्याजमा ऋण लिएका सप्तरी जिल्लामा २ हजार ७ सय ९४ जना पीडितहरुबाट प्रहरीमा उजुरी परेको छ ।

जसमध्ये अहिलेसम्म ५ सय ८ वटा उजुरी मात्र फछ्र्यौट भएको छ भने २ हजार २ सय ८६ उजुरी फछ्र्यौट गर्न बाँकी रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

हालसम्म फछ्र्यौट भएका उजुरी मध्ये १ सय ४२ वटामा सहमति मार्फत, ३८ वटा मुद्दा दर्ता मार्फत तथा बाँकी कानुनी प्रक्रिया अनुसार फछ्र्यौट भएको जनाउँदै प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले अब नयाँ व्यवस्था अनुसार बाँकी रहेका उजुरीहरुको फछ्र्यौट जिल्ला प्रशासन कार्यालयबाट हुने बताए ।

यस अघि जिल्ला प्रहरी कार्यालय मार्फत अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी उजुरी, छानबिन तथा फछ्र्यौट गर्ने काम हुँदै आएकोमा अव जिल्ला प्रशासन कार्यालयबाट हुने भएको छ । जिल्ला प्रशासन कार्यालय सप्तरीले दुई दिनअघि सूचना जारी गर्दै अव जिल्लाभित्र हुने अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी सम्पूर्ण उजुरी, छानबिन तथा फछ्र्यौट कार्यहरु हुने जानकारी गराएको थियो ।

# कला संस्कृतिको सीमित स्रोतसाधनका वावजुद प्रदेश सरकार विकासका लागि प्रतिबद्ध

**जनकपुर**/मधेश प्रदेश सरकारका प्रवक्ता एवम गृह सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले लोक सांस्कृतिक रुपमा धनी मधेश प्रदेशका लोप हुन लागेका कला संस्कृतिको सीमित स्रोतसाधनका वावजुद मधेश प्रदेश सरकार विकासका लागि प्रतिबद्ध रहेको बताएका छन् ।

मधेश प्रदेशको राजधानी जनकपुरधाममा गत आइतबार चलचित्र तथा लोक सञ्चार प्रवर्धन वोर्डले चलचित्र तथा लोकसञ्चार प्रवर्धन वोर्डको संस्थागत विकास सम्बन्धी आयोजना गरेको संवाद कार्यक्रममा उनले यस्तो बताएका हुन् ।

गृहमन्त्री लेखीले समाज रुपान्तरणमा कलाकारहरुको भूमिका महत्वपूर्ण रहेको समेत बताए । मधेशको कला संस्कृतिको विकासमा चलचित्र तथा लोक सञ्चार प्रवर्धन वोर्डले पहलकदमी लिनुपर्नेमा जोड दिनु पर्ने उनको भनाई थियो ।

उनले चलचित्र तथा लोक सञ्चार प्रवर्धन बोर्डमा नयाँ नेतृत्व आएपछि भएको यस प्रकारको कार्यक्रममा आएका सुझावलाई बोर्डले गम्भीरता पुर्वक लिएर अगामी दिनमा कार्ययोजना बनाउनु पर्नेमा जोड समेत दिए ।

उनले देशमा प्राप्त भएका उपलब्धी प्राप्त गर्नमा राजनीतिकमीको सँगसँगै पत्रकार र कलाकारको भूमिका पनि उत्तिकै महत्वपूर्ण रहेको बताए ।

कार्यक्रममा जसपा नेपालका प्रदेशसभा सदस्य मनिस सुमनले हरेक मान्छेमा विलक्षण प्रतिभा हुनेगरेको भन्दै राज्यले त्यस्ता प्रतिभा भएकाहरुको खोजी गर्नुपर्ने जिकिर गरे । नेकपा (एमाले) का प्रदेशसभा सदस्य राजेन्द्र चौधरीले मौलिक परम्परामा अधारित लोक नाचहरु लोप भइरहेको बताउँदै त्यस्ता लोकनाच र लोकगितहरुको संरक्षण गरी राज्यले यसलाई रोजगारीसँग जोडनु पर्नेमा जोड दिए । चलचित्र तथा लोकसञ्चार प्रवर्धन वोर्ड मधेश प्रदेशका अध्यक्ष किशोरकुमार लेखीको अध्यक्षतामा भएको सो कार्यक्रममा प्रदेशसभा सदस्यहरुले आफनो विचार राखेका थिए ।

कार्यक्रममा अध्यक्ष लेखीसहित मिथिलाका लोकप्रिय गायक ललित कामतसहितका कलाकारहरुले मौलिक गितहरु प्रस्तुत गरेका थिए ।

***धर्ना कार्यक्रमलाई ...***

जिल्ला अध्यक्ष दिपेन्द्र चौधरी, समाजसेवी हितनारायण लाल दाससहित एक दर्जन सामाजिक अगुवाहरुले धर्नास्थलमै पुगेर ऐक्यबद्धता जनाएका हुन् ।

उनीहरुले नगरपालिकामा भएको तोडफोडको भर्त्सना गर्दै कर्मचारीहरुमाथी कुटपिट र लुटपिटमा संलग्नहरुलाई पक्राउ गरि कडा कारवाही हुनुपर्ने माग समेत गरेका छन् । कमर्चारीहरूले दोषीलाई कानून बमोजिम कारबाही गरी आगामी दिनमा कार्यस्थलको सुरक्षाको प्रत्याभूति दिलाउन, सेवामा काम गर्ने सहज वातावरण बनाउन एवं भयमुक्त वातावरणमा सेवा प्रवाह सुनिश्चितता नभएसम्म आन्दोलनलाई जारि राख्ने अडान लिएका छन् ।

नेपाल नगरपालिका कर्मचारी एशोसिएसन राजबिराज नगरपालिका ईकाइ समितिका अध्यक्ष कल्पना देवले घटनाको दोषीलाई कानून बमोजिम कारबाही गरी आगामी दिनमा कार्यस्थलको सुरक्षाको प्रत्याभूति दिलाउन, सेवामा काम गर्ने सहज वातावरण बनाउन एवं भयमुक्त वातावरणमा सेवा प्रवाह सुनिश्चितता गराउन माग गरेका छन् ।

यस्तै कुटीपीट र लुटपीटमा संलग्नलाई पक्राउ गर्नूका साथै कर्मचारीहरुले १५ वर्ष देखी करार सेवामा कार्यरत इन्जिनीयर अशोक दासलाई कार्यपालिकाको पछिल्लो निर्णय अनुसार पुनः काममा लगाईनु पर्ने, दैनिक ज्यालादारी कर्मचारीको १६ दिनको बाँकी रहेको तलब भुक्तानी दिनु पर्ने, कुटपीट र तोडफोडमा संलग्न योजना अधिकृत मनोज यादव सहितका ब्यक्तीलाई कारवाही तथा कर्मचारीको दुर्घटना बीमाको व्यवस्था लगायतका माग समेत अघि सारेका छन ।

गत जेठ २७ गते मंगलबारका दिन नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको हाजरी गराउने सम्बन्धमा भईरहेको आन्दोलनको क्रममा राजविराज नगरपालिकाका निलम्वित मेयर भिमराज यादव, राजविराज नगरपालिकाका योजना शाखा प्रमुख मनोज कुमार यादव, आन्दोलनकारी सुधिर यादव लगायतका व्यक्तिहरुको समूहले राजविराज नगरपालिकाका कर्मचारीहरुलाई पूर्वग्राही तथा सुनियोजित रुपमा गालीगलौज तथा कुटपिट गरेका थिए ।

# विभिन्न विकासीय योजनाहरु तत्कालै सम्पन्न गराउन निर्णय



**राजविराज**/सर्वदलिय बैठकले सप्तरी जिल्लाका विभिन्न विकासीय योजनाहरु तत्कालै सम्पन्न गराउन निर्णय गरेको छ।
प्रमुख जिल्ला अधिकारी भोला दाहालको अध्यक्षमा बुधबार बसेको सम्बन्धीत कार्यालयहरुका प्रमुख, निर्माण कम्पनीका प्रतिनिधिसहित सो बैठकले यस्तो निर्णय गरेको हो।

बैठकले महेन्द्र राजमार्ग अन्तर्गत कमला कंचनपुर खण्ड अन्तर्गत कंचनपुरदेखि कुशहासम्म निर्माण कार्य अधुरो रहेको र बर्षातको समय नजिकिएसँगै सडक हिलो तथा खाडोहरुमा पानी जमि दुर्घटना समेत हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै यही आर्थिक मसान्त भित्र सम्पन्न गर्न सम्बन्धित कार्यालयले निर्णयमा व्यवसायीसँग समन्वय गरी तत्काल निर्माण कार्य सम्पन्न गराउने निर्ण पनि गरेको छ।

यस्तै हुलाकी सडक योजना अन्तर्गत कंचनरुप हनुमाननगर सडक खण्ड अन्तर्गत राजविराजदेखि भलुवाही खोला नजिक निर्माणाधीन अवस्थामा रहेका सडक खण्ड राजविराज नगरपालिकाको क्षेत्राधिकार पर्ने भएकोले राजबिराज नगरपालिकाको समन्वयमा सडक खण्ड नाप जाँच पश्चात तत्कालै सडक निर्माण कार्य तत्काल सुचारु गर्ने निर्णय गरेको छ।

बर्षातको समयमा अधुरो रहेको निर्माण कार्यहरु जस्तैः रुपनी-राजबिराज सडक खण्ड, राजविराज-सखडा सडक खण्ड, राजविराज-हुनमाननगर-भारदह सडक खण्ड लगायत अन्य सडक खण्डहरुमा वर्षातको समयमा नाली तथा रोडहरुमा पानी जमि हिलो भई स्थानी बासी तथा सवारी साधन समेतको आवागमनमा समस्या भईरहेको र यसवाट सवारी साधान दुर्घटना समेत हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै यथाशिघ्र निर्माण कार्य सुचारु गरी यही आर्थिक वर्षको मसान्त सम्म सम्पन्न गर्ने व्यवस्था सम्बन्धित निर्माण व्यवसायी र डिभिजन सडक कार्यालय लहानले गर्ने निर्णय गरेको छ।

सप्तरी जिल्ला भित्र निर्माण भइरहेका बमोजिमका निर्माण तथा मर्मत सम्भारको लागि तोकिएको समयमा सम्पन्न हुने गरी सम्बन्धित कार्यालय र आयोजना तथा निर्माण व्यवसायी प्रतिबद्ध रहने तथा समयमा निर्माण कार्य सम्पन्न नभएमा सम्बन्धित कार्यालय र आयोजनाले आवश्यक कारवाहीको प्रकृया अगाडी बढाउने निर्णय पनि गरिएको छ।

जिल्ला भित्र निर्माण भईरहेका अधुरो योजनाहरुको कार्यसम्पन्न गर्ने सम्बन्धमा सम्बन्धित कार्यालयको कार्यालय प्रमुख तथा निर्माण व्यवसायीहरुले बैठकमा गरेको प्रतिबद्धता पुरा हुने गरी आयोजना कार्यान्वयन कार्ययोजना तीन दिन भित्र प्रमुख जिलला अधिकारी समक्ष पेश गर्ने सहमति भएको छ।

यस्तै राजविराज नगरपालिका भित्र निर्मणाधीन अवस्थामा रहेको हटियाको अधुरो रहेका निर्माण कार्य २०८२ साल असार मसान्त भित्र हटिया संचालनमा ल्याउने व्यवस्था सघन शहरी तथा भवन निर्माण आयोजनाले मिलाउने बैठकले पारित गरेको छ।

तिलाठी कोइलाडी गाउँपालिका वडा १ स्थित भंसार कार्यालय देखि पूर्व निर्माणाधीन अवस्थामा रहेको जिता खोलाको कारण सडक अबरुद्ध रहेकोले वर्षातको समय आउनु अगावै निर्माण कार्य सुचारु गरी सडक संचालनमा ल्याउने तथा हुलाकी राजमार्ग सडक खण्ड अन्तर्गत बनौली पुल पूर्ण रुपमा निर्माण नभएको कारण वर्षातमा सवारी साधन अवागमन तथा सर्वसाधारण जनतालाई हिडडुल गर्न समस्या भईरहेकोले तत्कालै मर्मत गर्ने व्यवस्था सम्बन्धित आयोजना कार्यालय र निर्माण व्यवसायीले गर्ने बैठकबाट निर्णय भएको छ।


## जनहितमा जारी जरुरी सूचना

सडक हामी सबैको साझा सम्पत्ती हो। यो सम्पत्तीको प्रयोग गर्ने अधिकार हामी सबैको रहेको छ । अनि सडक, पुल, झोलुंगे पुल जस्ता भौतिक पूर्वाधारका संरचनाहरूको संरक्षण गर्नु पनि हामी सबैको दायित्व हो । करोडौको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत संभारले धेरै समयसम्म टिकाउ र प्रयोगयोग्य रहनेछ । तपाई हाम्रै सानो सहयोग, मेहनत, प्रयास र सुचनाले महत्वपूर्ण भुमिका खेल्नेछ । त्यसैले,

-सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
-निर्माण सामाग्री/ब्यापारिक सामाग्री सडक तथा फुटपाथमा नराखौं ।
-घर, पसल, सवारीसाधनबाट निस्कने फोहोरमैला नालीमा नफालौं ।
-नालीलाई बिभिन्न निर्माणका समयमा नपुरिने गरी निर्माण कार्य गरौं । वा पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी ब्यवस्था गरौं र कार्य सकिए लगत्तै नाली सफा गरौं ।
-सडकमा सवारी साधन धुने, पखाल्ने काम नगरौं ।
-सानातिना पहिरो तथा अन्य कारणले नाली अवरुद्ध भएमा नालीको प्रवाहको लागि हामीले प्रयास गरौं र खेतबारीका कुलो, खानेपानीका पाइपहरू, सडक, नाली, कल्भर्टबाट प्रयोग नगरौं ।
-बाढीपहिरो तथा अन्ड कारणबाट सडक तथा संरचनाहरु अवरुद्ध भएमा, क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।

पूर्वाधार विकास कार्यालय, सप्तरी


# अन्तर्राष्ट्रिय समाचार

## गाजामा इजरायलको क्रियाकलापले अन्तर्राष्ट्रिय मापदण्ड उल्लंघन गर्ने सम्भावना

**ब्रसेल्स**/इजरायलले गाजामा गरेको क्रियाकलापहरूले मानव अधिकारको उल्लंघन गर्न सक्ने सम्भावना रहेको प्रतिवेदन सार्वजनिक भएको छ। ब्रसेल्समा सञ्चार माध्यमहरूले शुक्रबार जनाएअनुसार, यसले युरोपेली संघसँगको व्यापार सम्झौताका मानव अधिकार सम्बन्धी प्रतिबद्धता उल्लंघन गर्न सक्ने देखिएको हो । यी जानकारीहरू युरोपेली संघको कूटनीतिक सेवा द्वारा गोप्य रुपमा तयार पारिएको समीक्षा प्रतिवेदनमा आधारित छन् ।

प्रतिवेदनमा भनिएको छ, "इजरायलले युरोपेली संघ इजरायल सम्बन्ध सम्झौताका धाराहरू पालन गरिरहेको छैन हुन सक्छ ।" सो दस्तावेजले संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय अदालत र अन्य अन्तर्राष्ट्रिय निकायहरूबाट प्राप्त प्रमाणहरूलाई आधार बनाएको हो । युरोपेली संघ र इजरायल बीचको सम्बन्धलाई उचित र सम्मानपूर्वक कायम राख्न मानव अधिकार र लोकतान्त्रिक मूल्यहरू सम्मान गर्न आवश्यक छ ।

प्रतिवेदनमा भनिएको छ, "इजरायलले खाद्यान्न, औषधि, स्वास्थ्य उपकरण र अन्य आवश्यक सामग्रीहरूको आपूर्ति रोक्का राख्नाले सम्पूर्ण गाजाका नागरिकहरूलाई असर पुऱ्याएको छ ।" युरोपेली संघको विदेश नीति प्रमुखले गत महिनामा भन्नुभयो, "संघले इजरायलले सम्झौताका सर्तहरू पालना गरिरहेको छ कि छैन भनेर जाँच गर्नेछ ।"

बुधबार युरोपेली संसदमा सम्बोधन गर्दा उहाँले भन्नुभयो, "इजरायललाई आत्मरक्षा अधिकार छ, तर व्यवहारमा देखिएका गतिविधिहरू आत्मरक्षा भन्दा बढी जटिलता दर्शाउँछन् ।" "इजरायलको कार्यशैलीले दशकौं पुराना मानवीय सिद्धान्तहरूलाई कमजोर बनाउँदै गएको छ ।" एजेन्सी

## दक्षिण लेबनानमा इजरायली आक्रमण,सीमा क्षेत्रमा तनाव बढ्यो

**जेरुसेलम**/इजरायली सुरक्षाकर्मीहरूले दक्षिण लेबनानको नकौरा नजिक हिजबुल्लाह समूहको एउटा स्थलमा आक्रमण गरेका छन् । यसअघि, इजरायली परराष्ट्र मन्त्रीले हिजबुल्लाहलाई ईरान-इजरायली युद्धमा भाग लिन नदिने चेतावनी दिनुभएको हो । सेनाले भने, "हामीले रातभरि नकौरा नजिक रहेको हिजबुल्लाहको संरचना स्थलमा आक्रमण गरेका छौं ।" त्यो स्थल हिजबुल्लाहले इजरायली नागरिकविरुद्ध आतंककारी गतिविधि गर्न प्रयोग गर्दै आएको थियो ।

"हामीले हिजबुल्लाहका एक आतंककारीलाई पनि मार्न सफल भएका छौं ।" यसैबीच, लिबाननको स्वास्थ्य मन्त्रालयले शुक्रबार भएको आक्रमणमा एक व्यक्तिको ज्यान गएको जानकारी दिएको छ । त्यो आक्रमण इजरायली ड्रोनले गरेको विश्वास गरिन्छ । नोभेम्बर महिनामा भएको स्थिरता सम्झौताका बावजूद, इजरायली र हिजबुल्लाहबीच तनाव अझै जारी रहेको छ । यस सम्झौता अनुसार, दुई पक्ष बीचको द्वन्द्व समाप्त गर्न प्रयास हुँदै आएको थियो, तर सीमा क्षेत्रमा भएको पछिल्लो गतिविधिले स्थिति जटिल बनाएको छ । लेबनानको सेनाले युद्धविराम पालना गर्दै हिजबुल्लाहको संरचना तोड्ने काम गरिरहेको छ । एजेन्सी

## गाजामा युद्धले बाल स्वास्थ्यमा गम्भीर असर पुऱ्याइरहेको छः युएन

**संयुक्त राष्ट्रसंघ**/गाजामा जारी युद्धका कारण सहायता र पहुँचमा समस्या उत्पन्न भएका छन् । यसले बालकुपोषणको दरमा वृद्दि गरेको छ भन्ने कुरा संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ) ले जानकारी गराएको छ । युनिसेफका अनुसार, मे महिनामा उपचारका लागि भर्ना भएका ६ महिनाबाट पाँच वर्ष उमेर समूहका पाँच हजार १०० भन्दा बढी बालबालिकामा अप्रिलको तुलनामा करिब ५० प्रतिशतले कुपोषणको अवस्था देखिएको छ भने, फेब्रुअरीको तुलनामा यो १५० प्रतिशतले बढेको छ । यस वर्षको पहिलो पाँच महिनामा मात्रै गाजामा १६ हजार ७०० भन्दा बढी बालबालिका, अर्थात् हरेक दिन औसत ११२ जना, कुपोषणको उपचारका लागि भर्ना भएका छन् । युनिसेफले यी सबै घटनाहरू रोक्न सकिने भए पनि, आवश्यक पोषण, पानी र स्वास्थ्य सेवा उनीहरूलाई सहज रूपमा उपलब्ध गराउन कठिनाइ भइरहेको जनाएको छ ।

संयुक्त राष्ट्रसंघीय निकायले इजरायललाई तत्काल सीमा पार गरेर जीवनरक्षक सहायता वितरण गर्न अनुमति दिन आग्रह गरेको छ । युनिसेफले आफ्नो सीमित स्रोतहरू प्रयोग गरी आवश्यक पोषण सामग्रीहरू वितरण गर्न प्रयास गरेको छ । साथै, सीमा बाहिर हजारौं ट्रकभरि आवश्यक सामग्रीहरू वितरणको प्रतीक्षा गरिरहेका छन् । मानवीय सहायता कार्यमा संलग्न ओसिएचएले, यद्यपि केही अनुमति र सुविधा प्राप्त भए पनि, अझै केही प्रयासहरू सफल नभएका जनाएको छ । उत्तरमा इन्धन पठाउन अनुमति दिइएको भए पनि, दक्षिण क्षेत्रमा आवश्यक सेवाहरू सञ्चालन गर्न इन्धनको अभाव र अनुमति प्राप्तमा भएको कठिनाइका कारण समस्या रहेको छ । बुधबार, सीमित मात्रामा इन्धन निकाल्न सकिएको र पानी तथा ढल पम्पिङ स्टेशनहरू सञ्चालनमा ल्याइएको जानकारी दिइएको छ ।

साथै, युद्धका कारण सञ्चार सेवाहरू पनि प्रभावित भएका छन्। अप्टिक केबलको क्षति र अन्य कारणहरूले गर्दा मध्य र दक्षिणी गाजामा मुख्य दूरसञ्चार सेवाहरू अवरुद्ध छन्, तर केही स्थानहरूमा इन्टरनेट र टेलिफोन सेवा पुनः सुरु गर्न प्रयास भइरहेको छ । मानवीय सहायता साझेदारहरूले जानकारी दिएअनुसार, विस्थापनका कारण नागरिकहरू भीडभाड भएका स्थानहरूमा जान बाध्य भएका छन्, जुन स्थानहरूमा पहिले नै धेरै परिवारहरू विस्थापित छन् र आवश्यक सेवाहरू उपलब्ध छैनन् । गाजा शहर, देइर अल र खान युनूसका विभिन्न स्थानहरूमा मनोसामाजिक सल्लाह, केस व्यवस्थापन र व्यक्तिगत समर्थन सेवा प्रदान भइरहेको छ । एजेन्सी

# बिष्णुपुर गाउपालिका पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा




**राजविराज**/सप्तरीको बिष्णुपुर गाउपालिका पूर्ण खोप सुनिश्चितता एक समारोह बिच शनिबार घोषणा गरिएको छ । पाँच बर्ष मुनीका ४ सय ३० वटा बालवालिकाहरूलाई पूर्ण खोप लगाएपछि पालिका पूर्ण खोप घोषणा गरिएको हो ।

बिष्णुपुर गाउपालिका स्वास्थ शाखाको आयोजनामा जिल्ला समन्वय समिति प्रमुख शिव नारायण साह र गाउपालिकाको अध्यक्ष उमेश प्रसाद यादबले संयुक्त रूपमा घोषणा गरेका हुन् ।

चालु आव २०८१/८२ अनुसार खोज र खोप अभियानमा छुटेका ५७ वटा वालवालिकाहरूले खोप लगाएपछी सुनिशचित भएकोले पूर्ण खोप सुनिश्चित पालिका घोषणा गरिएको हो ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साहले कुनै पनि वालवालिका खोप लगाउनवाट नछुटोस, यसलाई निरन्तरता र सुनिश्चतताको लागी सबै जिम्मेवारी बन्नुपर्नेमा जोड दिए ।

उक्त अवसरमा गाउपालिका अध्यक्ष यादबले महिला स्वास्थ स्यंमसेविका महिलाहरूलाई ३ हजार ५ सय सुबिधा वाट ४ हजार ५ सय भत्तामा बृद्धि गर्ने बढाउने घोषणा गरे । उनले यस आर्थिक बर्षमा प्रत्येक वडामा कृषि बिधुतीकरण गरेर किसानलाई सिचाई मिटर जडान गर्ने योजना रहेको सुनाए ।

स्वास्थ, शिक्षा र कृषीलाई प्राथमिकतामा राखेर युवाहरूलाई कृषितर्फ आकर्षित गरी रोजगारको श्रृजना गर्ने बताए । स्थानिय श्रोतको उपयोग, स्वामित्व सहभागिता, पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा समारोह कार्यक्रममा खोपलाई दिगोपना र निरन्तरता दिन सहभागीहरूले सबै सरोकारवाला गम्भीर हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा गाउपालिका स्वास्थ शाखा प्रमुख शिवकुमार साहले खोप लगाएपछि वालवालिकाहरूमा लाग्ने विभिन्न रोगहरूवाट प्रतिरक्षाको रूपमा सहयोग पुग्ने बिश्वास ब्यक्त गरे ।

निरन्तरता नियमित खोप लगाउन सुद्बढ बनाउनका लागी पालिकाले ७ वटै वडाको १६ वटा खोप क्लिनिक र स्वास्थ संस्था मार्फत खोप नियमित लगाउने गरेको स्वास्थ संयोजक शिव कुमार साहले जानकारी दिए ।

उक्त अवसरमा बिष्णुपुर गाउपालिका वडा १ का अध्यक्ष बलराम यादब, वडा ५ का अध्यक्ष जिवछ मण्डल, वडा ७ का अध्यक्ष लोचन साहले पुर्ण खोप सुनिश्चितता गर्न महिला स्वयमसेविकाको भुमिकाको प्रशंसा गर्दै उनीहरूको थप सेवा सुबिधा बढाउनुपर्नेमा जोड दिए ।

बिष्णुपुर गाउपालिका अध्यक्ष यादबको अध्यक्षतामा आयोजित समारोहमा जिल्ला समन्वय समितिका प्रमुख साह, जिल्ला स्वास्थ कार्यालयका प्रमुख देवकान्त झा, वडा १ का अध्यक्ष बलराम यादब, वडा ७ का अध्यक्ष लोचन साह, वडा ५ का अध्यक्ष जिवछ मण्डल, शाखा अधिकृत सुभाष मण्डल, प्रशासन प्रमुख गंगाराम साह, पत्रकार चन्दनकुमार यादब लगायतले शुभकामना मन्तब्य दिएका थिए ।

# प्रहरी ऐन र निजामती कर्मचारी ऐन नहुँदा समस्या : सभामुख मण्डल

**राजविराज**/मधेश प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले प्रहरी ऐन र निजामती कर्मचारी ऐन नहुँदा समस्या भएको बताएका छन् ।

बिहीबार मधेश प्रदेशसभा सचिवालयले राजविराजमा आयोजना गरेको 'जनता र जनप्रतिनिधिबीच संवादका लागि सभामुख जनतासंग' कार्यक्रमलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

उनले संघीय सरकारले बनाउनुपर्ने ऐनहरु निर्माण भए मात्र संघीय पूर्ण रुपमा कार्यान्वय हुने धारणा राख्दै जनता र जनप्रतिनिधिबीच राम्रो सम्वन्ध रहे सामाजिक सद्भाव कायम हुनुका साथै संघीयता पनि बलियो हुने उनले विश्वास व्यक्त गरे ।

जनताको कुरा बुझ्न र आफ्नो स्तरबाट गर्न सकिने प्रयास का निम्ति 'जनता र जनप्रतिनिधिबीच संवादका लागि सभामुख जनतासंग' कार्यक्रम लिएर निस्केको समेत उनले बताए ।

सभामुख मण्डलले जनताको आकांक्षा र आवश्यकता धेरै भएपनि साधनस्रोतको अभावमा समस्या भएको भन्दै विधि प्रक्रिया तथा प्राथमिकताको आधारमा जनताको आकांक्षा र आवश्यकता पुरा गर्न सकिने बताए ।

जनताको आवश्यकता, सामाजिक सद्भाव र विधीको शाषणका लागि कानुन निर्माण हुने तर्क प्रस्तुत गर्दै उनले प्रदेशसभाबाट बनाउनुपर्ने कानुन र जनताको गुनासो सरोकारबाला समक्ष राखेर कार्यान्वयन गराउन सबै मिलेर काम गर्नु पर्नेमा जोड दिए ।

जनमत पार्टीका संसदीय दलका नेता महेश प्रसाद यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा डाक्नेश्वरी नगरपालिकाका नगरप्रमुख रामलखन मलाह, रुपनी गाउँपालिका अध्यक्ष दिनेशकुमार यादव, नेकपा एसका अध्यक्ष प्रतापनारायण चौधरी लगायतले पनि आ-आफ्नो धारणा राखेका थिए ।

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित ब्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**डाक्नेश्वरी नगरपालिका, सप्तरी**

## सांस्कृतिक विविधताको सम्मान गरौं ।

- सबै धर्म, जात, जाती भाषा भाषि, भेषभूषा र पहिचानको सम्मान गरौं,
- सबैका चाडपर्वमा सहभागी बनौं, अन्तरसंवाद बढाऔं,
- भेदभाव, छुवाछुत, घृणा र हिंसाविरुद्ध बोलौं,
- सांस्कृतिक कार्यक्रम र परम्परालाई संरक्षण गरौं,
- समावेशी समाज निर्माण गरौं,
- विविधतामा एकताको भावना निर्माण गरौं ।

"सांस्कृतिक विविधताको सम्मान गरी एकता कायम गरौं"

नेपाल सरकार
विज्ञापन बोर्ड

# थ्री फेज कृषी विद्युतिकरण कार्यको शुभारम्भ

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-६ मा बुधवार थ्री फेज कृषी विद्युतिकरण कार्यको शुभारम्भ भएको छन् ।

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले थ्री फेज कृषी विद्युतिकरण कार्यको शुभारम्भ गरेका हुन् ।

मुख्यमन्त्री सिंहले कृषि विकासमा प्रविधिको प्रयोग अपरिहार्य रहेको बताउँदै प्रदेश सरकारले यस्ता योजनालाई प्राथमिकतामा राखेको उल्लेख गर्दै कृषिमा आत्मनिर्भर बनाउने चाहनालाई सिँचाइ, मल, बीउ र बजार सुनिश्चित गरिनु पर्ने बताए ।

विद्युतिकरण कार्य सम्पन्न भएपछि ती क्षेत्रका कृषकहरूले अब डिजेलपम्पमा निर्भर हुनु नपर्ने नगरप्रमुख वीरेन्द्र माझीले जानकारी दिए । सिंचाइका लागि आवश्यक पर्ने विद्युत महसुल नगरपालिकाले नै व्यहोर्ने उनले बताए ।

कृषिमा उत्पादन वृद्धि र सिंचाइको सुविधा सहज बनाउने उद्देश्यले नगरपालिकाभित्रको वडाहरू २, ५, ६, ७ र ८ का हजारौं कृषकहरूलाई लाभ पुग्ने अपेक्षा गरिएको छ ।

थ्री फेज विद्युतिकरणपछि किसानले सहज रूपमा मोटर पम्प चलाउन सक्ने र समयमै खेतमा पानी पुऱ्याउन सक्ने भएकाले उत्पादनमा उल्लेख्य वृद्धि हुने आशा गरिएको छ ।

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*